पाठ १०

# परमेश्वरले तपाईंलाई अगुवाइ गर्नुहुन्छ



**परमेश्वरको बारेमा यो सिक्नुहोस्।**

परमेश्वरले उहाँलाई
पछ्याउनको निम्ति अब्रामलाई बोलाउनुभयो।
परमेश्वरले उहाँलाई पछ्याउनेहरूलाई
अगुवाइ गर्नुहुन्छ र आशिष दिनुहुन्छ।
परमेश्वरले तपाईंलाई आफ्नो पुस्तक बाइबलद्वारा अगुवाइ गर्नुहुन्छ।

यसलाई बाइबलबाट चर्को स्वरमा
पाँचपल्ट पढ्नुहोस्।




**अब्रामको पिताको मृत्यु भएपछि, परमेश्वरले अब्रामलाई भन्नुभयो "जुन देश म तँलाई देखाउँछु त्यहाँ जा। म तँबाट एउटा ठूलो जाति खडा गर्नेछु। म तँलाई आशिष दिनेछु र तेरो नाउँ प्रसिद्ध तुल्याउनेछु। तँ आशिषको मूल भएस्।"** **उत्पत्ति १२:१, २**

## के तपाईं यो गर्न सक्नुहुन्छ?

ठीक उत्तरको वरिपरि घेरा लगाउनुहोस्।

१. परमेश्वरले कसलाई आशिष दिन्छु भनी प्रतिज्ञा गर्नुभयो?
**क.** अब्राम **ख.** निमरोद **ग.** कयिन

२. अब्रामले कसको पिता हुने प्रतिज्ञा पाए?
**क.** एक सानो कुल **ख.** एक महान् राज्य **ग.** एक परिवार

३. तपाईंलाई अगुवाइ गर्नको लागि परमेश्वरले के प्रयोग गर्नुहुन्छ?
**क.** ताराहरू **ख.** बाइबल

### तपाईंले सिक्नुपर्ने शब्दहरू

अब्राम बसेको शहरको नाम **ऊर** थियो।
परमेश्वरले अब्रामलाई **कनान** देशतर्फ लैजानुभयो।



### परमेश्वरले उहाँलाई पछ्याउनको निम्ति अब्रामलाई बोलाउनुभयो।

• देखि • का सबै शब्दहरूका मुनि धर्को तान्नुहोस्।

बाबेलबाट गएका परिवारहरूले ऊर शहर निर्माण गरे। अब्राम ऊर शहरमा जन्मेका थिए। अब्रामका पिताले धेरै देवताहरूलाई पूज्थे। अब्रामका मानिसहरूले धेरै देवताहरूलाई पूज्थे। तिनीहरूले पूजेका देवताहरूले नता देख्न न सुन्नै सक्थे। तिनीहरूले एक मात्र साँचो परमेश्वरलाई चिनेका थिएनन्। • एक साँचो परमेश्वरको बारेमा तिनीहरूलाई बताउने बाइबल तिनीहरूसँग थिएन। •

अब्रामले पनि साँचो परमेश्वरलाई चिनेका थिएनन्। तर परमेश्वरले अब्रामलाई चिन्नुभएको थियो र प्रेम गर्नुहुन्थ्यो। परमेश्वरले अब्रामलाई बोलाएर भन्नुभयो: "तेरो कुटुम्ब र देश छोड्। तेरा पिताका देवताहरूलाई पनि त्यागिदे। • मैले तँलाई दिन्छु भनेर प्रतिज्ञा गरेको देशमा जानको लागि मलाई पछ्या।" •




**परमेश्वरले उहाँलाई पछ्याउनेहरूलाई अगुवाइ गर्नुहुन्छ र आशिष दिनुहुन्छ।**

परमेश्वरले अब्रामलाई प्रतिज्ञा गर्नुभयो: "यदि तँ मेरो पछि लागिस्
भने म तँलाई आशिष दिनेछु र महान् बनाउनेछु।
म तँलाई ठूलो राज्यको पिता बनाउनेछु।
म तँलाई आशिष दिनेछु र तँ आशिषित् हुनेछस्।"

साँचो परमेश्वरले बोलाउनुभएको हो भन्ने कुरा अब्रामलाई थाह थियो।

• परमेश्वरले आफूलाई भनेको कुरा अब्रामले विश्वास गरे। • अब्रामकी पत्नी साराइले पनि परमेश्वरको प्रतिज्ञामा विश्वास गरिन्।

अब्राम र साराइले ऊर शहर छोडे।
• तिनीहरूले मानिसहरूले बनाएका देवताहरूलाई त्यागे। •
• तिनीहरूले एक साँचो परमेश्वरलाई पछ्याए। •




• अब्राम र परमेश्वर नजीकका मित्रहरू थिए। •
अब्राम परमेश्वरसँग कुराकानी गर्थे। परमेश्वर अब्रामसँग बोल्नुहुन्थ्यो। परमेश्वर अब्राम सँगसँगै जानुभयो र कुन बाटो पछ्याउनु पर्ने हो उहाँलेनै उनलाई देखाइदिनुभयो।
• परमेश्वरले अब्रामलाई कनान देशमा लैजानुभयो। •

अब्रामं र साराइ जहाँ गए पनि अब्रामले परमेश्वरको निम्ति वेदी बनाउँथे। हाबिल, हनोक र नूहले गरेझैं उनले पनि परमेश्वरको निम्ति बलिदान चढाए। अब्रामले धैरै मानिसहरूलाई सहायता गरे र अनि आशिष बने। उनले तिनीहरूलाई साँचो र जीवित परमेश्वरको बारेमा बताए।





• आफूले प्रतिज्ञा गर्नुभएको कुरा परमेश्वर पूरा गर्नुहुन्छ। •

परमेश्वरले अब्रामलाई आशिष दिनुभयो र उनलाई धनी बनाउनुभयो। तर अब्राम वृद्ध हुँदा पनि उनका कोही सन्तान थिएनन्।

यसो भए पनि उनले परमेश्वरको प्रतिज्ञामा विश्वास गरिनै रहे। अब्रामले परमेश्वरमा विश्वास गरेको हुनाले उहाँ उनीसँग खुशी हुनुभयो।

परमेश्वरले अब्रामको नामलाई बदली गरी अब्राहाम भन्नुभयो। अब्राहामको अर्थ "धेरैका पिता" हो। परमेश्वरले साराइको नाम बदली गरी सारा राखिदिनु भयो। साराको अर्थ "राजकुमारीहरूकी आमा" हो। परमेश्वरले अब्राहाम र सारालाई एउटा छोरा दिंनुभयो। उनको नाम इसहाक थियो र उनीबाट एउटा ठूलो राज्यको स्थापना भयो।

**आफ्नो पुस्तक बाइबलद्वारा परमेश्वरले तपाईंलाई अगुवाइ गर्नुहुन्छ।**

उहाँलाई पछ्याउनको निम्ति परमेश्वरले तपाईंलाई बोलाउनुभएको छ भन्ने कुरा बाइबलले बताउँछ।
उहाँले तपाईंलाई आशिष र अगुवाइ गर्नको लागि बोलाउनुभएको छ। तपाईंले के गर्नुपर्ने हो सो कुरा उहाँले बताउनुहुन्छ।

• परमेश्वरलाई पछ्याउनुहोस् र उहाँले तपाईंलाई स्वर्गतर्फ अगुवाइ गर्नुहुनेछ। •

तपाईंले जुनसुकै कुरा त्याग्नु परे पनि अब्राहामले जस्तै परमेश्वरलाई पछ्याउनुहोस्।
तपाईंले के गर्नुपर्ने हो सो कुरा परमेश्वरले तपाईंलाई देखाउनुहुन्छ र सो गर्नको लागि सहायता पनि गर्नुहुन्छ।

**प्रार्थना**

अब्राहामले आफ्नो देश र नातेदारहरूलाई छोडी सधैंको निम्ति तपाईंलाई पछ्याएका थिए। म पनि तपाईंलाई पछ्याउन चाहन्छु। प्रभु, म तपाईंको नजीक हिंडन चाहन्छु र मैले गर्ने सबै काममा म तपाईंलाई खुशी पार्न चाहन्छु।



आमिन।

**प्रश्नका उत्तरहरू**

१. अब्राम २. एक महान् राज्य ३. बाइबल